| | |
|---|---|
| बैठक संख्या | : ४८ औं (१४ औं आ.व. ०७४/७५) |
| बैठक मिति | : २०७४ साल चैत्र ११ गते |
| बैठकको अध्यक्षता | : श्री मञ्जु कुमारी खड्का अध्यक्ष |
| संस्था | : सामाजिक सेवा केन्द्र (सोसेक) नेपाल, दैलेख |
| बैठक स्थल | : संस्थाको केन्द्रीय कार्यालय, दैलेख |
| बैठक/समिति | : केन्द्रीय कार्य समितिको नियमित बैठक |

**उपस्थिति,**

| | |
|---|---|
| श्री मञ्जु कुमारी खड्का | अध्यक्ष |
| अनुपस्थित श्री हीरासिंह थापा | निवर्तमान अध्यक्ष (संस्थापक अध्यक्ष) |
| श्री विरबहादुर नेपाली | उपाध्यक्ष |
| श्री कल्पना थापा | सचिव |
| श्री दुर्गा श्रेष्ठ | कोषाध्यक्ष |
| श्री झलकबहादुर भण्डारी | सदस्य |
| श्री सूर्यबहादुर शाही | सदस्य |
| श्री सुमिक्षा चन्द | सदस्य |
| श्री धनलक्ष्मी बादी | सदस्य |
| श्री बसन्त श्रेष्ठ | निर्देशक |

***निर्णय नं. १,***

यस संस्थाको केन्द्रीय कार्य समितिको आ.व. ०७४/७५ को ४७ औं बैठक अवधि देखि यस बैठक अवधि बिच भए गरेका निर्णयहरुको समिक्षा गर्दै संस्था, संस्था पदाधिकारी र सदस्यहरु लगायत कर्मचारीहरु र संस्था समेतका विषयमा सुनेका र मनमा लागेका कुराहरु आदान प्रदान गरियो ।

***निर्णय नं. २***

सामाजिक सेवा केन्द्र (सोसेक) नेपाल, दैलेखका महासचिव नैन वहादुर शाहीले संस्थाको महासचिव पदबाट दिएको राजीनामा संस्थाका अध्यक्ष मञ्जु कुमारी खड्काले मिति २०७४ चैत्र ८ गतेवाट लागु हुने गरि स्वीकृत गरिएको जानकारी यस बैठकमा गरियो र महासचिव नैन वहादुर शाहीले संस्थालाई पुर्‍याएको योगदानको उच्च मूल्यांकन गर्दै आगमी दिनमा संस्थालाई निरन्तर सहयोग रहने आशा सहित धन्यवाद दिने निर्णय गरियो ।

*निर्णय नं. ३*

सामाजिक सेवा केन्द्र (सोसेक) नेपाल, दैलेखका संस्थापक अध्यक्ष हीरासिंह थापाले संस्थाको ब्लक ए रहेको कार्यालय घरधनि मेरो श्रीमति भएको र यसबाट मेरो स्वार्थ बाजिने भएकोले घरभाडा खाली गरिदिनु हुन भनि कार्य समितिमा पेश गरेको निवेदन उपर छलफल गरि कार्य समितिको मिति २०७४ फागुन १६ गते बसेको बैठकबाट घरभाडाको लागि सुचना जारी गर्ने निर्णय भएकोमा संस्थाबाट पहिलो पटक मिति २०७४ फागुन २० गते, दोश्रो पटक मिति २०७४ फागुन २७ गते र तेश्रो पटक मिति २०७४ चैत्र ४ गते प्रकासित सुचनामा कसैको पनि निवेदन पेश नभएको सन्दर्भमा छलफल गर्दा संस्थाबाट मार्केट सर्भे गर्दा पनि प्रयोग गरिरहेका घरको कोठा भन्दा महंगो बुझिन आएकोले संस्थाले विगत १५ बर्ष देखि प्रयोग गर्दै आएको सीता कुमारी राना को घरमा रहेको ब्लक ए कार्यालय राख्न संस्थाका संस्थापक अध्यक्ष हीरासिंह थापालाई अनुरोध गर्ने र उक्त घरको ९ कोठा, २ वटा बरण्डा र कम्पाउण्ड सहित प्रयोग गरेकोले घरको भाडा चैत्र १५ गतेदेखि लागु हुनेगरि मासिक कर सहित रु.२६,८००/- (अक्षरुपी छबिस हजार आठ सय मात्र) तोक्ने निर्णय गरियो ।

*निर्णय नं. ४,*

यसमा कार्यरत कर्मचारीहरुको फिल्ड अनुगमन गर्न जाँदा र संस्थाको कामको शिलशिलामा जिल्ला वाहिर जाँदा आर्थिक प्रशासनिक नियावलीमा भएको व्यवस्थालाई शंसोधन गरि जिल्ला भित्र रु ६००/- (अक्षरुपी छ सय) र जिल्ला वाहिर भ्रमण जाँदा खाना। खाजा, नास्ता खर्च रु. १००० (अक्षरुपी एक हजार) राख्ने निर्णय गरियो । कुनै साझेदार संस्थासंग परियोजना प्रस्ताब बनाउदा संस्थाले नै कम प्रस्ताव पेश गरेको वा साझेदारी संस्थाको निती बमोजिम कम पाउने भए सोही अनुसार व्यवस्थापन गर्ने र परियोजना प्रस्तावना वा साझेखार संस्थाको निती वमोजिम वढी पाउने अवस्था भएमा जिल्ला भित्र रु ६००/- (अक्षरुपी छ सय) र जिल्ला वाहिर भ्रमण जाँदा खाना। खाजा, नास्ता खर्च रु. १०००( अक्षरुपी एक हजार) नै कायम् गर्ने निर्णय गरियो ।

*निर्णय नं. ५,*

सामाजिक सेवा केन्द्र (सोसेक) नेपाल, दैलेखको फिल्ड कार्यालय दुल्लूमा खोल्नु पर्ने भएको र सो कार्यालयको लागि दुल्लू नगरपालिका वडा नं. ७ स्थीत पदम वहादुर थापा (दूल्लू नगरपालिका वडा नं. १) को घरको १ वटा हल र १ वटा कार्यालयको लागि भाडामा लिनु पर्ने भएकोले मासिक रु.७०००/-(अक्षरुपी सात हजार) कर सहित मिति २०७४ फागुन १५ गते देखि लागु हुने सम्झौता गरि भाडामा लिने निर्णय गरियो । साथै सोको व्यवस्था एकिकृत जलश्रोत व्यवस्थापन कार्यक्रमबाट रु.३०००/- (अक्षरुपी तिन हजार) र आन्तरिक कोषबाट रु.४०००/- (अक्षरुपी चार हजार) भुक्तानी दिने निर्णय गरियो ।

*निर्णय नं. ६,*

सामाजिक सेवा केन्द्र (सोसेक) नेपाल, दैलेखको फिल्ड कार्यालय दुल्लूमा रहेको हल कुनै संस्थालाई भाडामा दिनु पर्ने भएमा दैनिक रु. १,०००/- (अक्षरुपी एक हजार मात्र) लिने र संस्थाको आन्तरिक कोषबाट हल व्यवस्थापन भएकोले संस्थाले आयोजना गरेका कार्यक्रममा पनि सोही कार्यक्रममा चार्ज हुने गरि भाडा लिने र जम्मा भएको भाडा संस्थाको आन्तरिक कोषमा जम्मा गर्ने निर्णय गरियो ।